प्रति साधारण शेयर मुल्य रु.१००/- मा
प्रिमियम वापत रु.५०१/- थप गरि
प्रति शेयर रु.६०१/-
अंकित दरका ९०,६९,३८८ कित्ता
साधारण शेयरहरुको नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू)

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	**: १० शेयर**
दरखास्त दिनपाउने अधिकतम कित्ता	**: २,००,००० शेयर**

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गका इजाजत पत्र प्राप्त संस्था)
केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौं ।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
इमेलः info@nibl.com.np / वेभसाइट : www.nibl.com.np
को

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो।

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति	: २०७२/११/११ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७२/११/१४ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७२/११/२७ गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.६०१/- प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७२/१०/२४, नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति २०७२/१०/२५ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७२/१०/२८

१. कम्पनीको नाम : नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड (Nepal Investment Bank Ltd.)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.१, दरबारमार्ग, काठमाण्डौमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस बैंकको कारोवार गर्ने मुख्य स्थान काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.१, दरवारमार्ग, काठमाण्डौंमा रहेकोछ। यसको अलावा बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई काठमाण्डौंको न्यूरोड, पुतलीसडक, ठमेल, कालिमाटी, बत्तिसपुतली, गोंगबु, बौद्ध, त्रिपुरेश्वर, भोटाहिटी, नयाँ बानेश्वर, धुम्बाराही, लाजिम्पाट र महाराजगञ्ज, पर्साको बीरगञ्ज, रुपन्देहीको वुटवल र भैरहवा, ललितपुरको पुल्चोक र लगनखेल, बाराको जितपुर, भक्तपुरको सिपाडोल, काभ्रेको बनेपा, कास्की पोखराको चिप्लेढुङ्गा र लेकसाईड, मोरङ्गको बिराटनगर, सुनसरीको इटहरि, बिर्तामोडको मुक्तिचोक, चितवनको नारायणगढ, पर्साबजार, पटिहानी, धनुषाको जनकपुरधाम, बाँकेको नेपालगञ्ज, धनगढीको धनगढीबजार, सुर्खेतको सुर्खेतबजार, जुम्लाको खलंगा, मकवानपुरको हेटौंडा, पाल्पाको तानसेन, लुक्लाको चौरीखर्क, दाङ्गको तुलसीपुर, कपिलबस्तुको कृष्णनगर, उदयपुरको गाईघाट, सर्लाहीको लालबन्दी र बरथहवा, तनहुँको दमौली, स्याङजाको वालिङ्ग र रामेछापको मन्थलीमा शाखा कार्यालयहरु खोली आफ्नो बैंकिङ्ग कारोबार संचालन गरिरहेको छ। साथै बैंकले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली आफ्नो बैंकिङ्ग कारोबार विस्तार गर्न सक्नेछ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

नेपाल इन्भेष्टमेण्ट बैंक लि., तत्कालिन कम्पनी ऐन तथा तत्कालिन बाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते उद्योग तथा बाणिज्य मन्त्रालय, बाणिज्य विभागमा दर्ता भएको हो। यस बैंकले तत्कालिन बाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजत पत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको छ। नेपाल भित्र बैदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो। सो मुताविक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुर्‍याउँदै आएको छ। यस बैंकको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा ब्यबस्थापनमा लामो समय देखि आबद्ध रहेको ब्यक्तित्वहरु हुनु हुन्छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग ब्यबसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै वित्तीय सेवाबाट बञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशिल ब्यबसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमूलक, रोजगारीमूलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

६. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

१. अधिकृत पूँजी :

यस बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षेरपी दश अर्ब) रहेकोछ। जसलाई प्रति शेयर रु.१००/- दरले १०,००,००,००० (दश करोड) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ।

२. जारी पूँजी :

यस बैंकको जारी पूँजी रु.७,२५,५५,०९,८००/- (अक्षेरपी सात अर्ब पच्चीस करोड पचपन्न लाख नौ हजार आठ सय) रहेकोछ।

३. चुक्ता पूँजी :

यस बैंकको चुक्ता पूँजी रु.६,३४,८५,७१,०००/- (अक्षरुपी छ अर्ब चौतिस करोड पचासी लाख एकहत्तर हजार) रहेको छ। स्वीकृत विवरणपत्र मार्फत नयाँ निष्काशन (**फर्दर पब्लिक इस्यु)** गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजी रु.७,२५,५५,०९,८००/- (अक्षेरपी सात अर्ब पच्चीस करोड पचपन्न लाख नौ हजार आठ सय) हुनेछ।

७. नयाँ निष्काशन (फर्दर पब्लिक इस्यु) पश्चात संस्थाको चुक्ता पूँजीको संरचना :

नयां निष्काशन (फर्दर पब्लिक इस्यु) गरी बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

क्र.सं.	शेयरधनी	शेयर कित्ता	पूजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क)	संस्थापक शेयरधनीहरु	५,०७,८८,५६८	७०%	५,०७,८८,५६,८००/-	शतप्रतिशत
ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	२,१७,६६,५३०	३०%	२,१७,६६,५३,०००/-	शतप्रतिशत
	जम्मा	७,२५,५५,०९८	१००%	७,२५,५५,०९,८००/-	

८. आधारभूत शेयरधनी/संचालक सम्वन्धी विवरण :

आधारभुत शेयरधनीको विवरण

सि.नं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१.	सोफिया इन्भेष्टमेण्ट प्रा.लि., महाराजगञ्ज, काठमाण्डौं।	संचालक	लागू नहुने	लागू नहुने	४७,११,८४०	लागू नहुने	लागू नहुने
२.	कमला इन्भेष्टमेण्ट प्रा.लि., ठमेल, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	९,९१,९७७	लागू नहुने	लागू नहुने
३.	सुर्य इन्फोसिस प्रा.लि., बसन्तपुर, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	१०,४१,३८९	लागू नहुने	लागू नहुने
४.	प्रेष्टाइन इन्भेष्टमेण्ट प्रा.लि., हात्तिसार, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	१०,४१,३८९	लागू नहुने	लागू नहुने
५.	महालक्ष्मी इन्भेष्टमेण्ट प्रा.लि., माइतीघर, काठमाण्डौं।	संचालक	लागू नहुने	लागू नहुने	५६,०४,५९६	लागू नहुने	लागू नहुने
६.	के.यु.पी.इन्भेष्टमेण्ट प्रा.लि., महाराजगञ्ज, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	४९,५९,८००	लागू नहुने	लागू नहुने
७.	अन्नपूर्ण इन्भेष्टमेण्ट प्रा.लि., बानेश्वर, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	१०,४१,३८९	लागू नहुने	लागू नहुने
८.	छाँया इन्भेष्टमेण्ट प्रा.लि., महाराजगञ्ज, काठमाण्डौं।	अध्यक्ष	लागू नहुने	लागू नहुने	५२,०७,८३५	लागू नहुने	लागू नहुने
९.	नोभेल इन्भेष्टमेण्ट प्रा.लि., कमलादी, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	९,९१,९७७	लागू नहुने	लागू नहुने
१०.	लोटस इन्भेष्टमेण्ट प्रा.लि., लाजिम्पाट, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	९,१९,३८९	लागू नहुने	लागू नहुने
११.	राष्ट्रिय बीमा कम्पनी लि., रामशाहपथ, काठमाण्डौं।	संचालक	लागू नहुने	लागू नहुने	९५,२२,८५६	लागू नहुने	लागू नहुने
१२.	नागरिक लगानी कोष, नयां बानेश्वर, काठमाण्डौ।	संस्थापक	लागू नहुने	लागू नहुने	२०,६२,४३२	लागू नहुने	लागू नहुने
१३	राष्ट्रिय बीमा सस्थान लि., रामशाहपथ, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	८,९१,५०२	लागू नहुने	लागू नहुने
१४	लाइफ इन्स्योरेन्स कम्पनी (नेपाल) लि., कमलादी, काठमाण्डौं।	संस्थापक	लागू नहुने	लागू नहुने	८,७४,४६९	लागू नहुने	लागू नहुने

संचालकहरुको विवरण

सि.नं.	नाम र ठेगाना	पद	बर्ष उमेर	राष्ट्रियता	शेयर स्वमित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (सम्वन्धित वा अन्य)
१.	श्री पृथ्वी बहादुर पाँडे महाराजगञ्ज, काठमाण्डौं। प्रतिनिधि-छाँया इन्भेष्टमेण्ट प्रा.लि.को तर्फबाट (संस्थापक समूह)	अध्यक्ष	६२	नेपाली	५२,०७,८३५	चार्टर्ड एकाउण्टेन्ट	वित्तीय क्षेत्रहरु (नेपाल राष्ट्र बैंक, हिमालयन बैंक लि. र नेपाल इन्भेष्टमेण्ट बैंक लि.) मा ३ दशक भन्दा बढीको अनुभव।
२.	श्री दिपक मान शेरचन बालुवाटार, काठमाण्डौं। प्रतिनिधि-महालक्ष्मी इन्भेष्टमेण्ट प्रा.लि.को तर्फबाट (संस्थापक समूह)	संचालक	६७	नेपाली	५६,०४,५९६	बी.टेक, आर्किटेक्चर	विगत ३ दशक देखि सि.बि.सि. प्रा.लि.को संस्थापक अध्यक्ष भई इन्जिनियरिङ्ग शिक्षा, ब्यबसाय तथा वित्तीय क्षेत्रमा लामो अनुभव।
३.	श्री प्रजन्य राजभण्डारी कमलादी, काठमाण्डौं। प्रतिनिधि-सोफिया इन्भेष्टमेण्ट प्रा.लि. को तर्फबाट (संस्थापक समूह)	संचालक	६१	नेपाली	४७,११,८४०	बि.एस.सी., एम.इन्जिनियरिङ्ग	पोल्ट्री फर्म क्षेत्रमा प्राविधिक तथा ब्यबसायिक क्षेत्रमा दुई दशक भन्दा बढीको अनुभव।
४.	श्री बीर बिक्रम रायमाझी कुमारीगाल, काठमाण्डौं। प्रतिनिधि (राष्ट्रिय बीमा कम्पनी लि. को तर्फबाट (संस्थापक समूह)	संचालक	५७	नेपाली	९५,२२,८५६	चार्टर्ड एकाउण्टेन्ट	राष्ट्रिय बीमा संस्थानको पूर्व संचालक तथा वित्तीय क्षेत्रमा २३ बर्षभन्दा बढीको अनुभव।
५.	श्री भुवनेश्वर प्रसाद शाह, ग्यालेक्सीमार्ग, काठमाण्डौं। (सर्वसाधारण समूह)	संचालक	५५	नेपाली	२,३३७	एम.बि.ए.	हाइसेफ वित्तीय संस्था र लक्ष्मी बैंक लि. जस्ता वित्तीय क्षेत्रमा तीन दशक भन्दा बढीको अनुभव।
६.	श्री मोहन मदन बुढाथोकी चण्डोल, काठमाण्डौं।	व्यवसायिक संचालक	६३	नेपाली		एम.बि.ए.	नेपाल राष्ट्र बैंकको ३२ बर्ष भन्दा बढीको लामो अनुभव।

नोटः हाल संस्थापक समूह अन्तर्गतको समूह २ जना सञ्चालकहरु नियुक्त हुन बाँकी रहेकोले नीजहरुको संचालक पद २ (दुई) रिक्त रहेको छ।

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :

संस्थापक समूहका शेयरधनीहरु मध्येबाट निर्वाचित वा मनोनित संचालक	६ जना
सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित वा मनोनित संचालक	२ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित व्यवसायिक संचालक	१ जना
जम्मा	९ जना

नोटः संस्थापक समूहका शेयरधनीहरुमध्येबाट निर्वाचित वा मनोनित हुने ६ जना संचालक मध्ये साविकका संस्थापक राष्ट्रिय बाणिज्य बैंक लिमिटेड समूहका शेयर खरिद गर्ने शेयरधनीहरु मध्येबाट निर्वाचित १ जना, राष्ट्रिय बीमा कम्पनी लिमिटेडको तर्फबाट मनोनित १ जना र बाँकी संस्थापक शेयरधनीहरुमध्येबाट मनोनित ४ जना संचालकहरु हुने छन्। साथै सर्वसाधारण समूहका शेयरधनीहरुको शेयर स्वामित्व ३० प्रतिशत पुगे पश्चात सो समूहबाट निर्वाचित २ जना र सो नहुँदा सम्म सर्वसाधारण समूहबाट निर्वाचित १ जना संचालक हुनेछ।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :
यस बैंकको नियमावलीको नियम १३ (२) मा व्यवस्था भए अनुसार बैंकको संचालक हुनका लागि यस बैंकको कम्तीमा ३० (तीस) कित्ता शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र व्यावसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा त्यस्तो संचालकले ब्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुनेछैन।

१०. सिमित दायित्व सम्बन्धी विवरण :

यो बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरवालाहरुको दायित्व सीमित छ। यस बैंकका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

११. बैंकको विगत ५ बर्षको लागि लेखापरीक्षण भएको वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ :

समष्टिकृत वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा)				
	आ.व. २०६७/०६८	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२
शेयर पूँजी	३,०११,३७२	३,७६६,१५५	४,१४४,८०८	४,७६८,७१४	६,३४५,७०१
जगेडा तथा कोषहरु	२,१४८,३८७	२,२८३,७८६	२,८७६,६७५	३,१६३,९०५	३,४७७,९२९
ऋणपत्र तथा बण्ड	१,०५०,०००	१,०५०,०००	८००,०००	१,०५०,०००	१,५५०,०००
तिर्न बाँकी कर्जा सापट	२८०,७६४	५६७,५७९	३१०,५६६	४२४,३४०	२६३,११६
निक्षेप दायित्व	५०,१३८,१२२	५७,०१०,६०४	६२,४२७,५९८	७३,८२८,०८४	९०,६३०,६६०
भुक्तानी दिनु पर्ने बिलहरु	८,२५०	२,९७७	२,८८८	२६६	२१५
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	६०२,२७४	१५०,६४६	९४२,००२	१,०३६,६७७	८२,८६८
आयकर दायित्व	-	-	-	-	-
अन्य दायित्व	१,११७,६५७	९२४,४८४	१,६४८,३१४	१,९०७,६१९	६,३७७,८३०
कुल दायित्व	५८,३५६,८२७	६५,७५६,२३२	७३,१५२,८५१	८६,१७९,६०५	१०८,७२८,३१९

सम्पत्ति	वास्तविक (रु.हजारमा)				
	आ.व. २०६७/०६८	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२
नगद मौज्दात	१,७१८,६६६	१,९६३,९६९	२,१७२,९८७	२,१७०,७७३	२,६६०,९३८
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४,००९,४६०	८,५०२,६९४	८,७५२,५९१	१२,६५२,९३७	८,९९२,८३९
बैक/वित्तीय संस्थामा रहेको मौज्दात	२,४१२,२४५	१,३३७,०८८	२,४१७,८३१	२,००२,२३८	७,०३५,८२८
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१५०,०००	२०५,३६३	२६७,४००	२३२,३७५	-
लगानी	७,४२३,१०७	१०,४३८,४८७	११,३३४,९९७	१५,२८३,२२६	२१,४३३,१६१
कर्जा सापट तथा बिल खरिद	४१,०९५,५१४	४१,६३६,९९९	४६,४००,०५४	५२,०१९,७६५	६६,२१९,२३२
स्थिर सम्पत्ति	१,१०८,४४८	१,०५६,४३९	१,०७२,५९०	१,०६४,५५०	१,०६६,५१७
गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-
अन्य सम्पत्ति	४३९,३८७	६१५,१९४	७३४,४०१	७५३,७४१	१,३१९,८०४
कुल सम्पत्ति	५८,३५६,८२७	६५,७५६,२३२	७३,१५२,८५१	८६,१७९,६०५	१०८,७२८,३१९

समष्टिकृत नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)				
	आ.व. २०६७/०६८	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२
१. ब्याज आम्दानी	५,८०३,४४०	५,९८२,६४१	५,८८५,५२९	५,८२०,५९२	५,७९३,४७५
२. ब्याज खर्च	३,६२०,३३७	३,८१४,४११	२,७७३,७८९	२,८१८,८०६	२,८०७,१६७
खुद ब्याज आम्दानी	२,१८३,१०३	२,१६८,२३०	३१,११,७४०	३,००१,७८६	२,९८६,३०८
३. कमिशन तथा डिस्काउण्ट	२६९,४२९	३१९,६६७	३३६,९७३	४७९,६९९	५२२,५१८
४. अन्य संचालन आम्दानी	१५२,९८५	१५७,७८०	१९९,८३९	२२५,५५८	२३९,०८३
५. सटही घटबढ आम्दानी	२२८,०७६	२६४,१६७	३६०,२४५	४६०,२२७	४५८,४१८
कुल संचालन आम्दानी	२,८३३,५९४	२,९०९,८४३	४,००८,७९७	४,१६७,२७०	४,२०६,३२७
६. कर्मचारी खर्च	३२६,५४३	३४०,१६०	३८४,६९४	४४६,५२७	४९१,४८७
७. अन्य संचालन खर्च	४५६,०५७	४६८,८६३	५१८,८७९	५४२,९६०	५७९,६२१
८. सटही घटबढ नोक्सान	-	-	-	-	-
सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा	२,०५०,९९४	२,१००,८२०	३,१०५,२२४	३,१७७,७८३	३,१३५,२१९
९. सम्भावित नोक्सानी	१६०,६९७	४७६,०३८	९५८,३३६	२७७,२७८	५७३,८९२
संचालन मुनाफा/(नोक्सान)	१,८९०,२९६	१,६२४,७८२	२,१४६,८८८	२,९००,५०४	२,५६१,३२७
१०.गैर संचालन आम्दानी/(नोक्सान)	(४४,४६४)	१२,४३४	१०,४३१	११,८४२	१४,१६६
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	-	९३०,००४	१३९,१४८	५३७,७०४
नियमित कारोवारबाट भएको मुनाफा	१,८४५,८३२	१,६३७,२१६	३,०८७,३२३	३,०५१,४९४	३,११३,१९७
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	७४,३९४	५२७	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	१,८४५,८३२	१,६३७,२१६	३,०१२,९२९	३,०५२,०२१	३,११३,१९७
१३.कर्मचारी बोनस ब्यवस्था	१६७,८०३	१४८,८३७	२७३,९०३	२७७,४५५	२८३,०१८
१४.आयकर ब्यवस्था	५०१,३८८	४४९,१०३	८२२,५५५	८२६,६६७	८५८,७९०
खुद मुनाफा/(नोक्सान)	१,१७६,६४१	१,०३९,२७६	१,९१५,८६८	१,९४५,९१३	१,९७१,३८९
शेयर संख्या (हजारमा)	३०,११४	३७,६६२	४१,४४८	४७,६८७	४७,७१२
प्रति शेयर आम्दानी (रु.)	३९.०७	२७.५९	४६.२२	४०.८०	४१.३१

१२. आगामी ५ बर्षको प्रक्षेपित वित्तीय विवरण:

वासलात

पूँजी तथा दायित्व	प्रक्षेपित (रु.हजारमा)				
	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७
शेयर पूँजी	७,२५५,५१०	७,२५५,५१०	७,२५५,५१०	७,२५५,५१०	७,२५५,५१०
जगेडा तथा कोषहरु	१०,२०२,४३६	१२,७३४,१७६	१५,५९९,४४५	१८,७४१,७९६	२२,२२२,०१२
ऋणपत्र तथा बण्ड	१,५५०,०००	१,५५०,०००	१,२५०,०००	१,२५०,०००	१,२५०,०००
तिर्न बाँकी कर्जा सापट	२७६,२७२	२९०,०८६	३०४,५९०	३१९,८१९	३३५,८१०
निक्षेप दायित्व	९३,०७४,०२३	१०२,३८१,४२५	११२,६१९,५६८	१२३,८८१,५२५	१३६,२६९,६७७
भुक्तानी दिनु पर्ने बिलहरु	२३६	२६०	२८६	३१५	३४६
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-	-	-
आयकर दायित्व	-	-	-	-	-
अन्य दायित्व	२,१११,३३९	२,२१६,९०४	२,३२७,७४८	२,४४४,१३७	२,५६६,३४४
कुल दायित्व	११४,४६९,८१६	१२६,४२८,३६१	१३९,३५७,१४७	१५३,८९३,१०२	१६९,८९९,६९९

सम्पत्ति	प्रक्षेपित (रु.हजारमा)				
	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७
नगद मौज्दात	४,४४७,४००	४,४२९,५०३	५,६३८,९१३	७,२९९,१४२	९,५०५,९२१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	८,९८८,६५९	८,६९४,७८४	९,५९२,०३८	१०,६०१,४०५	११,७१३,३११
बैक/वित्तीय संस्थामा रहेको मौज्दात	२,१००,५०३	२,१५२,१४८	२,२०२,१५५	२,२५०,२५४	२,३०५,०२५
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-	-
लगानी	२३,६०८,८४७	२८,३३०,६१६	३०,८८०,३७१	३३,६५९,६०५	३६,३५२,३७३
कर्जा सापट तथा बिल खरिद	७२,८२५,३११	८०,१५८,३२४	८८,२०२,१२२	९७,०४६,४८४	१०६,७७४,५१९
स्थिर सम्पत्ति	१,०७५,२१४	१,०९६,७१८	१,११८,६५३	१,१४१,०२६	१,१६३,८४६
गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-
अन्य सम्पत्ति	१,४२३,८८२	१,५६६,२६८	१,७२२,८९५	१,८९५,१८६	२,०८४,७०४
कुल सम्पत्ति	११४,४६९,८१६	१२६,४२८,३६१	१३९,३५७,१४७	१५३,८९३,१०२	१६९,८९९,६९९

नाफा-नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु.हजारमा)				
	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७
१. ब्याज आम्दानी	६,७९१,०९९	७,४९०,८६६	८,४०६,१५९	९,२४०,११४	१०,२४०,५९३
२. ब्याज खर्च	३,३५०,८४६	३,५५६,४७०	३,८८९,५१७	४,२३८,७६९	४,६५२,६४६
खुद ब्याज आम्दानी	३,४४०,२५२	३,९३४,३९६	४,५१६,६४२	५,००१,३४५	५,५८७,९४७
३. कमिशन तथा डिस्काउण्ट	५७१,८९५	६२९,०८५	६९१,९९३	७६१,१९३	८३७,३१२
४. अन्य संचालन आम्दानी	२७३,०८९	३००,३९८	३३०,४३८	३६३,४८१	३९९,८२९
५. सटही घटबढ आम्दानी	४८१,३३९	५०५,४०६	५३०,६७७	५५७,२११	५८५,०७१
कुल संचालन आम्दानी	४,७६६,५७६	५,३६९,२८५	६,०६९,७५०	६,६८३,२३०	७,४१०,१५९
६. कर्मचारी खर्च	५५२,१६०	६३४,९८४	७३०,२३१	८३९,७६६	९६५,७३१
७. अन्य संचालन खर्च	६१७,८७६	६६७,३०६	७२०,६९१	७७८,३४६	८४०,६१४
८. सटही घटबढ नोक्सान	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अधिको संचालन मुनाफा	३,५९६,५४०	४,०६६,९९५	४,६१८,८२८	५,०६५,११७	५,६०३,८१५
९. सम्भावित नोक्सानी	१६२,९४१	११२,९०९	१४६,७१६	१६५,२०३	१८२,४८८
संचालन मुनाफा/(नोक्सान)	३,४३३,५९९	३,९५४,०८६	४,४७२,११२	४,८९९,९१५	५,४२१,३२७
१०.गैर संचालन आम्दानी/(नोक्सान)	१९,४९०	२४,३६२	३०,४५३	३८,०६६	४७,५८३
११.सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	-	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	३,४५३,०८९	३,९७८,४४९	४,५०२,५६५	४,९३७,९८१	५,४६८,९१०
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	३,४५३,०८९	३,९७८,४४९	४,५०२,५६५	४,९३७,९८१	५,४६८,९१०
१३.कर्मचारी बोनस व्यवस्था	३१३,९१७	३६१,६७७	४०९,३२४	४४८,९०७	४९७,१७४
१४.आयकर ब्यवस्था	९४१,७५२	१,०८५,०३१	१,२२७,९७२	१,३४६,७२२	१,४९१,५२१
खुद मुनाफा/(नोक्सान)	२,१९७,४२०	२,५३१,७४०	२,८६५,२६९	३,१४२,३५२	३,४८०,२१५
शेयर संख्या (हजारमा)	७२,५५५	७२,५५५	७२,५५५	७२,५५५	७२,५५५
प्रति शेयर आम्दानी (रु.)	३०.२९	३४.८९	३९.४९	४३.३१	४७.९७

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
चुक्ता पूँजी	४,१४४,८०८	४,७६८,७१४	६,३४५,७०१	७,२५५,५१०	७,२५५,५१०	७,२५५,५१०
जगेडा तथा कोषहरु	२,८७५,८३६	३,१५६,७६४	३,४६१,२५२	१०,२०२,४३६	१२,७३४,१७६	१५,५९९,४४५
कूल	७,०२०,६४५	७,९२५,४७८	९,८०६,९५३	१७,४५७,९४६	१९,९८९,६८६	२२,८५४,९५४
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	-	-	-	-	-	-
कूल नेटवर्थ	७,०२०,६४५	७,९२५,४७८	९,८०६,९५३	१७,४५७,९४६	१९,९८९,६८६	२२,८५४,९५४
शेयर संख्या (हजारमा)	३७,६८०	४१,४६७	४७,७१२	७२,५५५	७२,५५५	७२,५५५
प्रति शेयर नेटवर्थ (रु.)	१८६.३२	१९१.१३	२०५.५४	२४०.६२	२७५.५१	३१५.००
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	२७.२८%	२४.४७%	२०.००%	१२.५९%	१२.६७%	१२.५४%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा।				१९.५४%		

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :

विवरण	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५
निक्षेप बृद्धिदर	३%	१०%	१०%
कर्जा तथा सापट बृद्धिदर	१०%	१०%	१०%
कर्जा निक्षेप अनुपात	७४%	७३%	७२%
संचालन बृद्धिदर	८%	८%	८%
आयकर दर प्रतिशत	३०%	३०%	३०%
निक्षेपको लागत दर	३.५%	३.५%	३.५%
औषत ब्याज आम्दानी दर	७.३%	७.२%	७.३%
निश्क्रिय कर्जा प्रतिशत	१.४९%	१.४९%	१.५०%
अनिवार्य नगद मौज्दात (CRR)	१०.८%	९.४%	९.४%
बैधानीक तरलता अनुपात (SLR)	२१.६%	२२.४%	२२.९%
पूँजीकोष अनुपात (CAR)	१७.६%	१७.९%	१८.३%

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता बैंकको हालको दक्षता र निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेन्ट संस्था एम.बि. श्रेष्ठ एण्ड कम्पनी, शंखमुल रोड, नयां बानेश्वर, काठमाण्डौंले प्रमाणित गरेकोछ।

१३. अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
१. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।

ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
– लागु नहुने।

ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
१. नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।

घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम :
– लागु नहुने।

ङ) विदेशी विनिमयको जोखिम :
– देशको बैदेशिक ब्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।

च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :
– लागु नहुने।

छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
– अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्नेजोखिमहरु।
२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।

झ) सञ्चालन अनुभवको अभाव :
– यस बैंकको संचालन इतिहास करिव ३० बर्षको रहेकोछ।

ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :
– नयाँ प्रविधिको विकाससँगै बैंकले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तीय लगायतका प्रविधिमा हुने खरावीले पर्न सक्ने संचालन तथा साखः सम्बन्धी जोखिम।

ट) अन्य :
१. बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।
२. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
३. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
४. बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोलेत्यस्तो लगानीमा हुने मूल्य परिवर्तनको जोखिम।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ:

बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ। बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य ब्यबसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेकोछ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको छ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम:

रु.१००/- प्रति शेयरका दरले निष्काशनमा प्रिमियम रु.५०१/- थप गरी प्रति शेयर रु.६०१/- कायम गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको बिधि र औचित्य :

(१) कम्पनी ऐन, २०६३ को दफा २९ बमोजिम प्रिमियम मूल्यको शेयर जारी गर्न सक्ने गरी देहाय बमोजिमको अवस्था पूरा भएको।
  क) बैंक विगत तीन बर्ष देखि लगातार मुनाफामा संचालन भई लाभांश वितरण गरिरहेको।
  ख) बैंकको सम्पुर्ण दायित्व भन्दा खुद सम्पत्ति (Net Worth) बढि रहेको।
  ग) बैंकको उनान्तिसौं बार्षिक साधारणसभाले सर्वसाधारणमा प्रिमियम मूल्यमा शेयर जारी गर्ने निर्णय गरेको।
(२) बैंकले आफ्नो भौतिक पूर्वाधार निर्माण गर्ने कामहरु पुरा गरिसकेकोले कुनै प्रकारको अनिश्चितता जोखिम नरहेको।
(३) यो बैंक प्रचलित कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कामकारोबार गर्ने संस्था भएकोले सोही ऐन नियमहरुको अधिनमा रही आफ्नो बैंकिङ्ग कारोबारहरु सफलतापुर्वक संचालन गर्दै आइरहेको।
(४) बैंकले स्थापनाकाल देखि नै निरन्तर नाफा कमाउन सफल रहेको साथै बैंकिङ्ग क्षेत्रमा उत्कृष्ट स्थान हासिल गर्न सफल रहेको।
(५) बैंकका संस्थापकहरुमा विभिन्न प्रतिष्ठित संस्थाहरु एवं व्यक्तित्वहरु रहेको।
(६) स्वीकृत विवरणपत्र मार्फत नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको मूल्याङ्कन सम्बन्धी कार्य गर्नका लागि धितोपत्र ब्यबसायी श्री नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडद्धारा विस्तृत अध्ययन पश्चात मूल्य निर्धारण गरिएको हो, उक्त कम्पनीले मूल्य निर्धारण गर्दा निम्न प्रक्रियाहरु अपनाईएको।
  क) Dividend Discount Model Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.७४४/- हुन आएको।
  ख) Price Earnings Ratio of the Industry Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.८४५/- हुन आएको।
  ग) Net-worth Method or Book Value of Shares Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.९४६/- हुन आएको।

यी सबै तरीका तथा बजार मूल्य समेतलाई आधार मान्दा बाट औसत मूल्याङ्कन दर रु.८४५/- हुन आएको र सो लाई २५५ का दरले डिष्काउण्ट गर्दा प्रति शेयर रु.६३४/- मा नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) गर्न सकिने सिफारिस भै आएको।

१५. कम्पनीको सकारात्मक पक्षहरु :

१. देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस बैंकको ब्यबस्थापन सक्षम तथा प्रभावकारी भएको।
२. जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको।
३. स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको।
४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा ब्यबसाय विस्तार गर्न सफल रहेको।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :

स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिकामा भएको ब्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

ख) अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :

शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँडपत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :

"धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार तोकिएको समयावधि भित्र बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अधिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

घ) धितोपत्रको बाँडफाँड तथा प्रमाण पत्र जारी सम्वन्धी प्रकृया र समयावधी :

धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी ब्यवस्था अनुसार नयां निष्काशन गरिएको शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र शेयर प्रमाणपत्र वितरण गरिनेछ।

ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :

नयां निष्काशन गरिने शेयर सूचिकरण भैसकेको छैन।

च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :

नयाँ निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यवस्था मिलाइनेछ।

१७. कम्पनीको प्रबन्ध-पत्र, नियमावली, वासलात, नाफा-नोक्सान हिसाबको निरीक्षण गर्न सकिने समय र स्थान :

पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड केन्द्रीय कार्यालय, दरवारमार्ग, काठमाण्डौं र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौंमा प्राप्त गर्न वा हेर्न सकिनेछ।

१८. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत जारी गरिने नयां शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।

२. दरखास्त दिंदा बैंकले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ। यसरी दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ। यसरी दरखास्त दिँदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफूले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ। नावालकको हकमा आवेदन दिंदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

३. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

४. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फारममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ।

५. नयाँ निष्काशन (फर्दर पब्लिक इस्यु) को क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा नागरिक लगानी कोषको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ। शेयर बिक्री बन्द भएको १५(पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

६. आवेदकले दरखास्त दिंदा १० अंकको गुणाङ्कमा न्यूनत्तम १० कित्ता र अधिकत्तम २,००,००० कित्तासम्म शेयर खरीद गर्नका लागि दरखास्त दिनु पर्नेछ।

७. रु.५०,०००/- भन्दा वढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ। यसरी एकाउण्टपेयी चेक मार्फत दरखास्त दिँदा MICR Cheque मार्फत मात्र दरखास्त दिनु पर्नेछ।

८. रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN NO) दरखास्त फारममा खुलाउनु पर्नेछ। साथै रु.१० लाख रुपैया वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफूले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्‌घोषण गर्नु पर्दछ।

९. आवेदन फारम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ।

१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

११. संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन्। यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन। संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ।

१२. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

१३. बाँडफाँडबाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने ब्यवस्था रहेकोले शेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ।

१४. कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी सहित कम्पनी वा संस्थाको प्रमुखको मुखाकृति स्पष्ट देखिने फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ।

१५. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।

१९. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम र ठेगाना	फोन नं.	सम्पर्क ब्यक्ति
१.	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको दरबारमार्ग काठमाडौं तथा शाखा कार्यालयहरु **उपत्यका भित्र:** न्यूरोड, पुतलीसडक, ठमेल, कालिमाटी, बत्तिसपुतली, गोंगबु, बौद्ध, त्रिपुरेश्वर, भोटाहिटी, नयाँ बानेश्वर, धुम्बाराही, लाजिम्पाट, महाराजगञ्ज, पुल्चोक र लगनखेल। **उपत्यका बाहिर:** पर्साको बीरगञ्ज, रुपन्देहीको वुटवल र भैरहवा, बाराको जितपुर, भक्तपुरको सिपाडोल, काभ्रेको बनेपा, कास्की पोखराको चिप्लेढुङ्गा र लेकसाईड, मोरङ्गको बिराटनगर, सुनसरीको इटहरि, बिर्तामोडको मुक्तिचोक, चितवनको नारायणगढ, पर्साबजार, पटिहानी, धनुषाको जनकपुरधाम, बाँकेको नेपालगञ्ज, धनगढीको धनगढीबजार, सुर्खेतको सुर्खेतबजार, जुम्लाको खलंगा, मकवानपुरको हेटौंडा, पाल्पाको तानसेन, लुक्लाको चौरीखर्क, दाङ्गको तुलसीपुर, कपिलबस्तुको कृष्णनगर, उदयपुरको गाईघाट, सर्लाहीको लालबन्दी र बरथहवा, तनहुँको दमौली, स्याङजाको वालिङ्ग र रामेछापको मन्थली ।	४२४२५३० ४००५०८० Ext. 304 Ext.255	दिपा श्रेष्ठ सुज्वल बज्राचार्य
२.	नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं तथा शाखा कार्यालय न्यूरोड, पोखरा	४७८१४३६	रोशनजङ्ग कार्की
३.	एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं।	४००५०८०	बद्री प्र. प्याकुरेल

यस नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) को क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाईनेछ र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा श्री नागरिक लगानी कोषको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयर खरिदका लागि दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौंमा पठाएका निवेदनहरुलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ। शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

२०. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१.	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौं।	००१०१०१०३१८३९६

साथै आवश्यकता अनुसार निष्कासन बन्द भएको मितिले ३ (तीन) दिन भित्र वोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२१. धितोपत्र बिक्री खुल्ला अबधि :

स्वीकृत विवरणपत्रद्वारा नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट बढिमा १५ दिन सम्म खुल्ला रहनेछ। नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ।

२२. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौंमा एक विशेष कक्षको ब्यवस्था गरिएको छ।

२३. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपिओ ग्रेड ३"प्रमाणपत्र प्राप्त गरेको छ। इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ।

दरखास्त फारामको नमूना

प्रति दरखास्त फारम रु.२/-

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौं ।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
इमेलः info@nibl.com.np / वेभसाइट : www.nibl.com.np
को

दरखास्त फारममा निवेदकको आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

फोटो अनिवार्य

साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः **नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाण्डौ ।
फोन नं.: ४७८५३१९, ४७८५३२१, फ्याक्स नं. : ४७८५३२०
URL: www.nlk.org.np, Email: cit.cmkt@gmail.com

सि.नं.

कोड नं. ☐☐☐

हितग्राही खाता नं.	DP ID	Beneficial Owner ID

साधारण शेयर वापतको रकम ड्राफ्ट मार्फत जम्मा गर्दा ड्राफ्टको पछिल्लो भागमा दरखास्त नम्बर र दरखास्तवालाको नाम स्पष्टसंग उल्लेख गर्नु पर्नेछ । साथै आवेदन फारममा ड्राफ्ट नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

श्री संचालक समिति,
नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड
दरवारमार्ग काठमाण्डौ, नेपाल ।

महाशय,
त्यस बैंकको मिति २०७२/१०/२८ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा प्रति साधारण शेयर मुल्य रु.१००/- मा प्रिमियम वापत रु.५०१/- थप गरी प्रति शेयर रु.६०१/- अङ्कित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.६०१/- को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं । त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम				मिति	२०७२/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना						भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना						चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम							
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा			खाता नं.				
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.		घर नं.		गा.वि.स./न.पा.		जिल्ला
Permanent Address	Ward No.		House No.		VDC/Municipality		District
सम्पर्क ठेगाना							
P.O. Box No.		P.O. Box District			नागरिकता प्रमाण-पत्र नं.		
PAN No.		Contact. No.			नागरिकता जारी गरेको स्थान		
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा						
	In English						USE CAPITAL LETTER
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grandfather's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नावालकको हकमा)							
Guardian's Name (Incase of minor)							

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन । साथै मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरू र यस दरखास्त फारममा खुलाएको विवरण सांचो हो । म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा नीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौ । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

पुनश्चः १. आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडीपट्टी रहेको बुँदा नं. १५ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।
२. आवेदक संस्था भएमा कार्यकारी प्रमुखको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

- -

यो रसिद हराई अर्कालि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फतः **नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाण्डौ ।
फोन नं.: ४७८५३१९, ४७८५३२१, फ्याक्स नं. : ४७८५३२०
URL: www.nlk.org.np, Email: cit.cmkt@gmail.com

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

हितग्राही खाता नं.	DP ID	Beneficial Owner ID

Applicant's Name					
Company's Name	NEPAL INVESTMENT BANK LTD.				
No. of Shares Applied		Call Money per Share	Rs.601	Amount Deposited (Rs.)	
Amount in Words					

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ

For Official Use Only:
Received by:
Stamp
Code No. ☐☐☐
Date:

१) बाँडफाँडमा नपरेको शेयर वापतको रकम फिर्ता लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। २) आवेदकलाई रकम फिर्ता दिंदा बैंक वा वित्तीय संस्थामा रहेको आवेदकको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिइनेछ। ३) आवेदकलाई बाँडफाँडमा नपरेको साधारण शेयर वापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपिको **सक्कलप्रतिको आधारमा सही आवेदकको पहिचान गरेर मात्र रकम दिइनेछ।** ४) आफू उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडि मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिदका साथै मञ्जुरीनामा पाउने व्यक्तिको कुनै आधिकारीक परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

नागरिक लगानी कोष

नयाँ बानेश्वर, काठमाण्डौ ।
फोन नं.: ४७८५३१९, ४७८५३२१, फ्याक्स नं. : ४७८५३२०
URL: www.nlk.org.np, Email: cit.cmkt@gmail.com